नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गोरखा

पत्र संख्या : २०८३/०८४

चलानी नम्बर : ______

(स्थानीय प्रशासन शाखा)

## जिल्ला प्रशासन कार्यालय, गोरखाको शुभकामना सन्देश !

नेपालीहरुको महान चाड विजयादशमीको पावन अवसरमा सम्पूर्ण देश विदेशमा रहनु भएका जिल्लावासी आमाबुवा, दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, शान्ति, संवृद्धि साथै उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

विजयादशमी पर्व मनाउने क्रममा नेपाली संस्कार, संस्कृति, मुल्य एवं मान्यता वमोजिम परस्पर भातृत्व र एकताको प्रवर्द्धन गर्दै सभ्य र सुसंस्कृत आचरण र व्यवहार प्रदर्शन गरी शान्तिपूर्ण र उल्लाशमय वातावरणमा पर्व मनाई जिल्लाको शान्ति सुरक्षा र अपराध नियन्त्रण गर्ने कार्यमा निम्नानुसार गर्नु गराउनुहुन जिल्ला प्रशासन कार्यालय, गोरखा हार्दिक अनुरोध गर्दछ।

**तपसिल :**

- मादक पदार्थ सेवन तथा गैरकानुनी कार्य गरी शान्ति सुरक्षा एवं सर्वसाधरणलाई असर पर्ने गरी सार्वजनिक स्थानमा होहल्ला गर्ने एवम् झै-झगडा गर्ने जस्ता कार्य नगर्नु/नगराउनु हुन।
- चाडपर्वको समयमा हुनसक्ने चोरी, लुटपाट, ठगी समेतका गलत कार्यबारे विशेष सुरक्षा सतर्कता अपनाउनु हुन।
- मादकपदार्थ सेवन गरी सवारी साधन चलाउने, भारवहन क्षमता भन्दा वढी यात्रु तथा मालसामान राखी सवारीसाधन संचालन नगर्नु/नगराउनु हुन।
- आगलागी, विद्युतिय दुर्घटना तथा अन्य सम्भावित विपद जोखिम नहुनेगरी कार्यक्रम गर्नु/गराउनु हुन।
- सुरक्षित रुपमा चाडपर्व मनाई शान्ति र सद्भाव तथा विधिको शासन कायम गर्ने कार्यमा सदा झैं सहयोग पुर्याउनु हुन।

**आकस्मिक सूचना र सम्पर्कको लागि :**

-जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, गोरखा : १२३४, ९७४८४३०२००

-जिल्ला प्रहरी कार्यालय, गोरखा : १००, ९८५६०९०२५५

-स. प्र. बल नेपाल, गोरखा : ११९४, ९८५१२७२२७१

मिति: २०८३ असोज ३० गते

२०८३/०६/३०

.....................

नेत्र प्रसाद शर्मा

सहायक प्रमुख जिल्ला अधिकारी